कम्पनी अध्यादेश,२०६२ अन्तर्गत संस्थापित

(कम्पनीको नाम पूरा लेख्ने) पव्लिक लिमिटेडको

# नियमावली

१. **कम्पनीको नाम** : यस कम्पनीको नाम “...................... लिमिटेड (बैंक/वित्तीय संस्था)” हुनेछ र यसलाई अंग्रेजीमा ........................................ भनिनेछ, जसलाई यसपछि “बैंक/वित्तीय संस्था” भनिएको छ ।

२. **बैंक/वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय (केन्द्रीय कार्यालय) रहने ठेगाना**: यस बैंक/वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय ................ जिल्ला ............................न.पा./गा.वि.स. वार्ड नं. .... मा रहनेछ ।

३. **बैंकको/वित्तीय संस्थाको उद्देश्य** : यस बैंकको/ वित्तीय संस्थाको उद्देश्य प्रबन्धपत्रको दफा ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

४. **बैंक/वित्तीय संस्थाको साधारण सभा बोलाउने तरिका र साधारण सभाका लागि दिनुपर्ने सूचना सम्बन्धी कुराहरुः** (१) यस बैंक/वित्तीय संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछः:-

(क) वार्षिक साधारण सभा, र

(ख) विशेष साधारण सभा

(२) यस बैंक/वित्तीय संस्थाको प्रथम वार्षिक साधारण सभा बैंक/वित्तीय संस्थाले कारोवार शुरू गर्ने इजाजतपत्र पाएको मितिले एक वर्षभित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र गरिनेछ ।

(३) यस बैंक/वित्तीय संस्थाको वार्षिक साधारण सभा गर्नका लागि सञ्चालक समितिको बहुमतले निर्णय गरी सञ्चालक समितिको अध्यक्षले कम्तीमा २१ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै साधारण सभा हुने ठाउं, मिति र छलफल गर्ने विषय खोली सबै शेयरधनीलाई सूचना दिइने छ ।

(४) उपनियम (३) बमोजिम अध्यक्षले सञ्चालक समितिको बैठक गराई साधारण सभा नबोलाएमा वा अध्यक्षले बैंक वित्तीय संस्था छाडी सम्पर्कविहिन भएमा वा निज देशबाहिर रहे बसेमा वा काबूबाहिरको परिस्थितिले निजले सञ्चालक समितिको बैठक तथा साधारण सभामा उपस्थित हुन नसक्ने अवस्था भएमा सञ्चालक समितिको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भै कारण खुलाई साधारण सभा बस्ने निर्णय गर्न सक्नेछन् । यसरी गरिएको निर्णयलाई राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक रुपले प्रकाशन गरी साधारण सभा बस्ने

सम्बन्धमा शेयरधनीलाई सूचना गरिनेछ । यसरी बस्ने सञ्चालक समिति र साधारण सभाको अध्यक्षता सम्बन्धित सञ्चालक र शेयरधनीहरुले आफूमध्येबाट छानेको व्यक्तिले गर्नेछ ।

(५) उपनियम (३) वा (४) बमोजिम बोलाइएको साधारण सभामा नियम ५ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ । यस्तो सूचना राष्ट्रिस्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रीतपूर्वकको सूचना दिएको मानिनेछ ।

५. **गणपूरक संख्या** : बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन ।

तर नियम ४ को उपनियम (५) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कूल शेयर संख्याको २५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित भएमा साधारण सभा गर्न वाधा पर्ने छैन ।

६. **साधारण सभाको कार्यविधि** : (१) साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ ।

(२) सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित शेयरधनीहरुले आफूमध्येबाट छानिएका शेयरधनीले साधारण सभाको अध्यक्षता गर्नेछ ।

(३) साधारण सभा शुरु हुनुअघि सभाको वैधता बारे छलफल गरी गणपूरक संख्या पुगे नपुगेको यकिन गरिनेछ ।

(४) गणपूरक संख्या पुगेको पाइएमा साधारण सभा विधिवत् सञ्चालक गर्न अध्यक्षले अनुमति दिनेछ ।

(५) साधारण सभाको विषय सूची (एजेण्डा) को रुपमा प्रस्तावहरु प्रस्तुत हुनेछन् र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । एउटा प्रस्तावमा निर्णय नभइञ्जेल अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

(६) साधारण सभामा अध्यक्षले तोकेबमोजिम शेयरधनीले आवश्यकतानुसार पालैपालोसंग बोल्ने गरी छलफलमा भाग लिने छन् ।

(७) साधारण सभामा मत बरावर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

(८) साधारण सभामा छलफलका लागि पेश भएका प्रस्तावहरु मध्ये सबै वा कुनै प्रस्ताव उपर छलफल एवं निर्णय हुन बांकी रहेको अवस्थामा सो सभाको अर्को बैठक सात

दिनभित्र लगत्तै बस्नसक्नेछ । सो सभामा त्यस्तो प्रस्ताव स्वतः समावेश भएको मानी सो प्रस्ताव उपर पहिले निर्णय गरी अन्य प्रस्ताव उपर छलफल गर्नु पर्नेछ ।

(९) साधारण सभामा पेश नभएका प्रस्ताव उपर निर्णय गर्न पाइने छैन ।

तर साधारण सभामा उपस्थित कूल शेयरधनीहरुबीच सहमति भई कुन विषयमा सर्वसम्मत निर्णय भएमा कुनै नयां प्रस्ताव प्रस्तुत गर्न सकिनेछ ।

(१०) अन्य थप व्यवस्था गर्न चाहे सो कुरा खुलाउने ।

७. <u>विशेष साधारण सभा</u> : (१) कम्पनी कानूनमा उल्लेख भए बमोजिमको विशेष साधारण सभा बोलाउन सकिने कुनै अवस्था उत्पन्न भएमा बैंक/वित्तीय संस्थाको विशेष साधारण सभा बोलाइनेछ ।

(२) विशेष साधारण सभा सम्बन्धी अन्य व्यवस्थाहरु वार्षिक साधारण सभा सरह हुनेछ ।

८. <u>सञ्चालकको संख्या र कार्यकाल</u> : (१) बैंक/वित्तीय संस्थाको सञ्चालकहरूको नियुक्ति र निर्वाचन प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधीनमा रही वार्षिक साधारण सभाबाट हुनेछ ।

तर व्यावसायिक विशेषज्ञ सञ्चालकको नियुक्ति सञ्चालक समितिले गर्नेछ ।

(२) यस बैंक/वित्तीय संस्थामा ... जनाको (५ देखि ९ को संख्यामध्ये यकिन संख्या उल्लेख गर्ने) सञ्चालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :-

(क) संस्थापक समूहका शेयरधनीहरूबाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित ............... जना । (समूह, उपसमूह भए सो समेत उल्लेख गर्ने)

(ख) सर्वसाधारण समूहका शेयरधनीबाट निर्वाचित ............. जना ।

(ग) नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञहरूको सूचीबाट सञ्चालक
समितिले नियुक्त गरेको व्यावसायिक सञ्चालक एक जना ।

(३) सञ्चालकहरुको कार्यकाल ...... वर्षको हुनेछ ।

<u>द्रष्टव्य</u> : चार वर्षमा नबढाई निश्चित कार्यकाल राख्ने र नयाँ संस्थापना हुने बैंक/वित्तीय संस्थाले प्रथम साधारण सभा नभएसम्मको अवधिको लागि यस नियमको प्रतिकूल नहुने गरी प्रथम सञ्चालकहरुको नामावली समेत उल्लेख गर्नु पर्नेछ ।

(४) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै सञ्चालकको पद रिक्त हुन आएमा बांकी अवधिका लागि सञ्चालकको नियुक्ति सञ्चालक समितिद्वारा गर्न सकिनेछ । कुनै सञ्चालकको पद त्यसरी रिक्त भएमा नयां नियुक्त सञ्चालकको कार्यकाल रिक्त भएको सञ्चालकको बांकी कार्याकालसम्मका लागि मात्र हुनेछ ।

तर कुनै संगठित संस्था, बिदेशी बैंक वा वित्तीय संस्थाले शेयर लिएको अवस्थामा सो संस्थाबाट मनोनित सञ्चालकको पद रिक्त भएमा सोही संस्थाले अर्को सञ्चालक नियुक्ति गर्न सक्नेछ ।

(५) कुनै संगठित संस्था, विदेशी बैंक वा वित्तीय संस्थाले बैंक/वित्तीय संस्थाको शेयर लिएको भए आफूले लिएको शेयरको अनुपातमा सञ्चालक नियुक्त गर्दा निजको अनुपस्थितिमा काम गर्न सक्ने गरी वैकल्पिक सञ्चालक समेत नियुक्त गर्न सक्नेछ ।

९. **सञ्चालक समितिको बैठक कसले बोलाउने हो सो कुरा उल्लेख गर्ने** : सञ्चालक समितिको वैठक अध्यक्षको आदेश बमोजिम कम्पनी सचिवले बोलाउनेछ ।

१०. **सञ्चालक समितिको बैठक** : (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार नियम ९ मा उल्लिखित पदाधिकारीले बोलाउने छ । कूल सञ्चालक संख्याको कम्तीमा एक तिहाई सञ्चालकहरुले लिखित अनुरोध गरेमा त्यस्तो पदाधिकारीले पन्ध्र दिनभित्र सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ । यसरी निजले पन्ध्र दिनभित्र बैठक नबोलाएमा सो कुरा खुलाई कम्पनी रजिष्ट्रार कार्यालयमा सञ्चालक समितिको बैठक बोलाउन निवेदन दिन सकिनेछ । यसरी प्राप्त भएको निवेदन उपर सो कार्यालयले छानवीन गरी अध्यक्षले बैठक नबोलाएको पाइएमा उक्त कार्यालयले एकाउन्न प्रतिशत सञ्चालकको उपस्थितिमा बैठक बस्न अनुमति दिन सक्नेछ ।

(२) सञ्चालक समितिको बैठकमा सञ्चालकहरु स्वयम् उपस्थित हुनु पर्नेछ ।

(३) सञ्चालकहरुको जम्मा संख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरु उपस्थित नभई सञ्चालक समितिको बैठक हुने छैन ।

तर उक्त संख्यामा सञ्चालकहरु उपस्थित नभएको कारणले सञ्चालक समितिको बैठक बस्न नसकेमा कम्तीमा तीन दिनको सूचना दिई अर्को वैठक बोलाउन सकिनेछ । त्यस्तो वैठकमा पनि यस उपनियममा उल्लिखित संख्यामा सञ्चालकहरु उपस्थित नभएमा उपस्थित सञ्चालकहरुले गरेको काम कारबाही तथा निर्णय मान्य हुनेछ ।

(४) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरुले आफूहरुमध्येबाट छानेको सञ्चालकले अध्यक्षता गर्नेछ ।

(५) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बरावर भएमा मात्र अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(६) सञ्चालक समितिको बैठक वर्षमा कम्तीमा बाह्र पटक बस्नु पर्नेछ । तर दुईवटा बैठकको बीचको फरक दुई महिना भन्दा बढी हुने छैन ।

(७) बैठक बस्ने समय, मिति, स्थान, छलफलमा पेश गरिने विषय सुचि समेत खुलाई बैठक बोलाउने पदाधिकारीले बैठक हुनु भन्दा कम्तीमा ७ दिन अगावै सञ्चालकहरुलाई सूचना पठाउनु पर्नेछ र यस्तो सूचना फ्याक्स वा ईमेल मार्फत पनि पठाउन सकिने छ । यसरी बोलाइएको बैठकमा विषय सूचीमा नपरेका विषयहरुमा पनि अध्यक्षले अनुमती दिएमा छलफल गर्न सकिनेछ ।

(८) उप नियम (७) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै आकस्मिक विषयमा सञ्चालक समितिको बैठक बोलाउन आवश्यक देखिएमा अध्यक्षको आदेश वा स्विकृतिले ७ दिनको पूर्व सूचना बिना पनि सञ्चालक समितिको बैठक बोलाउन सकिने छ ।

(९) सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालकरु, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) छुट्टै कितावमा लेखी अभिलेख राख्नु पर्नेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालकहरुले सही गर्नु पर्नेछ ।

(१०) यस नियमावलीमा अन्यत्रमा जुनुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा सञ्चालक समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिनेछ । त्यसरी भएको सहमतिलाई सञ्चालक समितिको बैठकको निर्णय सरह मानिनेछ ।

(११) कुनै सञ्चालकलाई हटाउनु पर्ने अवस्था परेमा जुन समूहबाट सञ्चालक निर्वाचित भएको हो सोही समूहको बहुमत शेयरधनीले बैंक/वित्तीय संस्थाको साधारण सभाबाट प्रस्ताव पारित गरी सञ्चालकलाई हटाउन सकिनेछ। यसरी रिक्त भएको स्थानमा बाँकी अवधिकोलागि सोही समूहले अर्को सञ्चालकको निर्वाचन गर्न समेत सक्नेछ ।

(१२) सञ्चालक समिति सम्बन्धी अन्य कुराहरू प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा कम्पनी कानूनमा व्यवस्था भए अनुरूप हुनेछ ।

११. **सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था** : (१) बैंक/वित्तीय संस्थाको सञ्चालकहरूको नियुक्ति प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधीनमा रही साधारण सभाबाट हुनेछ र व्यावसायिक विशेषज्ञ सञ्चालकको नियुक्ति सञ्चालक समितिले गर्नेछ ।

तर, कुनै संगठित संस्था, विदेशी बैंक वा वित्तीय संस्थाले शेयर लिएको अवस्थामा सो संस्थाले आफूले लिएको शेयरको अनुपातमा हुन आउने सञ्चालक नियुक्त गर्न र निजको अनुपस्थितिमा काम गर्न सक्ने गरी वैकल्पिक सञ्चालक समेत नियुक्त गर्न सक्नेछ ।

(२) सञ्चालकको पदमा नियुक्त हुन देहायको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) नियम १३ मा उल्लेखित शेयर आफ्नो नाममा लिएको वा शेयर लिनु नपर्ने छुट भएको,

(ख) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले तोकेको योग्यता पुगेको तथा सोही कानून र कम्पनी कानून बमोजिम अयोग्य नभएको ।

१२. **साधारण सभा तथा सञ्चालक समितिको निर्णयको अभिलेख र त्यसको प्रतिलिपि तथा निरीक्षण सम्बन्धी व्यवस्था** : (१) साधारण सभा तथा सञ्चालक समितिको निर्णयको अभिलेख नियम १० बमोजिम निर्णय पुस्तिका (माइन्यूट बुक) मा लेखी हस्ताक्षर समेत गराई राख्नुपर्नेछ ।

(२) बैंक/वित्तीय संस्थाका निर्णयहरु शेयरधनीहरुले हेर्न चाहेमा कार्यालय समयभित्र देखाउनु पर्नेछ । प्रतिलिपी आवश्यक परी शेयरधनीबाट माग भएमा प्रतिपृष्ठ रु. ...।- को दस्तुर लिई कम्पनी सचिवले प्रतिलिपि प्रमाणित गरी दिनु पर्नेछ ।

१३. **सञ्चालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्या** : (१) बैंक/वित्तीय संस्थाको सञ्चालक हुने व्यक्तिले आफ्नो नाममा उपनियम (२) मा उल्लिखित संख्यामा न्यूनतम शेयर लिएको हुनु पर्नेछ ।

(२) यस बैंक/वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि आफ्नो नाममा कम्तीमा ………… थान शेयर लिएको हुनु पर्नेछ ।

तर नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञ सञ्चालक तथा विदेशी बैंक वा वित्तीय संस्था वा संगठित संस्थाले बैंक/वित्तीय संस्थामा शेयर लगानी गरी सञ्चालक मनोनयन गरेको अवस्थामा त्यस्तो सञ्चालकले व्यक्तिगत हैसियतले त्यस्तो न्यूनतम शेयर लिन आवश्यक हुने छैन ।

१४. **प्रोक्सी मत सम्बन्धी व्यवस्था** : (१) कुनै शेयरधनी स्वयम् साधारण सभामा उपस्थित हुन नसकी सो सभामा उपस्थित हुन र आफ्नो मत प्रयोग गर्न पाउने गरी प्रतिनिधि नियुक्त गर्नुपर्दा बैंक/वित्तीय संस्थाको अर्को कुनै शेयरधनी बाहेक अन्य कसैलाई प्रतिनिधि नियुक्त गर्न (प्रोक्सी दिन) पाइने छैन ।

द्रष्टव्यः आफ्नो शेयरधनी बाहेक अन्य कसैलाई प्रतिनिधि नियुक्त गर्ने हो भने यस उपविनियमलाई तदनुरुप मिलाउनु पर्नेछ ।

(२) एक भन्दा बढी व्यक्तिहरुले साझा शेयर लिएको भएमा त्यस्तो व्यक्तिले साधारण सभामा भाग लिने बारेमा साझा गरी एक जना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरूद्वारा नियुक्त गरिएको साझेदारले वा निजले उपनियम (१) बमोजिम नियुक्त गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार नियुक्त हुन नसकेकोमा शेयरधनीहरूको दर्ता किताबमा सो साझेदार मध्ये जसको नाम क्रमानुसार अघि लेखिएको छ सोही साझेदारले दिएको मत वा प्रतिनिधिपत्र मात्र मान्य हुनेछ ।

१५. **मतदान गर्ने अधिकार** : (१) प्रचलित कम्पनी कानून वा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीले आफूले लिएको प्रत्येक शेयर बापत एउटा मत दिने अधिकार हुनेछ ।

(२) फरक मताधिकार भएका शेयरहरु जारी गरिएको छैन ।

१६. **शेयरधनी बाहेकको अन्य कुनै व्यावसायिक व्यक्तिलाई सञ्चालक नियुक्ति गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था** : (१) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले व्यवस्था गरे बमोजिम नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञहरूको सूचीबाट सञ्चालक समितिले एक (१) जना व्यावसायिक सञ्चालक नियुक्त गर्नेछ ।

(२) निजको कार्यकाल ......... वर्षको हुनेछ ।

**द्रष्टव्य** : नियम ८ को उपनियम (३) सँग मिलान हुने गरी राख्ने ।

(३) निजको काम, कर्तव्य, अधिकार तथा सुविधा अन्य सञ्चालक सरह हुनेछ ।

१७. **स्वतन्त्र सञ्चालक सम्बन्धी व्यवस्था, संख्या र योग्यता** : बैंक/वित्तीय संस्थामा नेपाल राष्ट्र बैंकले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले तोकेको व्यवस्थाको अधिनमा रही कायम गरेको व्यवसायिक विशेषज्ञहरूको सूचीबाट सञ्चालक समितिले नियुक्ति गरेको १ जना व्यावसायिक सञ्चालक नै स्वतन्त्र सञ्चालकको रुपमा रहनेछ । निजको काम, कर्तव्य, अधिकार तथा सुविधा र कार्यकाल नियम १६ मा उल्लेख भए बमोजिम हुनेछ ।

१८. **प्रवन्ध सञ्चालक सम्बन्धी व्यबस्था (रहने वा नरहने सो उल्लेख गर्ने)** :

१९. **प्रवन्ध सञ्चालक रहने हो भने निजको योग्यता, पारिश्रमिक तथा सेवाका अन्य शर्त र काम, कर्तव्य, अधिकार खुलाउने** : ( १) प्रबन्ध सञ्चालकको योग्यता प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा तोकिए बमोजिम हुनेछ ।

(२) प्रबन्ध सञ्चालकको पारिश्रमिक र सेवाको अन्य शर्त सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

(३) प्रबन्ध सञ्चालकको काम, कर्तव्य र अधिकार प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशनमा उल्लेख भए बमोजिम हुनेछ ।

२०. **प्रवन्ध सञ्चालक नरहने हो भने प्रमुख कार्यकारी अधिकृत, महाप्रवन्धक वा अन्य कुन पदाधिकारी प्रमुख हुने हो सो खुलाउने** : जस्तो,

**कार्यकारी प्रमुखको नियुक्ति तथा निजको अधिकार र कर्तव्य** : (१) सञ्चालक समितिले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून र नियमावलीको अधीनमा रही बैंक/वित्तीय संस्थाको कार्यकारी प्रमुखको नियुक्ति गर्नेछ ।

(२) कार्यकारी प्रमुख वित्तिय संस्थाको प्रमुख प्रशासक हुनेछ ।

(३) कार्यकारी प्रमुखको पदावधि चार वर्षको हुनेछ र निजको पुनर्नियुक्ति हुन सक्नेछ ।

(४) कार्यकारी प्रमुखको पारिश्रमिक र सेवाको अन्य शर्त सञ्चालक समितिले तोकेबमोजिम हुनेछ ।

(५) कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सञ्चालक समितिको निर्णय लागू गर्ने र प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही बैंक/वित्तीय संस्थाको काम कारवाही तथा कारोवारको रेखदेख र नियन्त्रण गर्ने,

(ख) बैंक/वित्तीय संस्थाको वार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि सञ्चालक समिति समक्ष पेश गर्ने,

(ग) वित्तीय संस्थाको कर्मचारी विनियमावलीको अधीनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,

(घ) सञ्चालक समिति र साधारण सभाद्वारा गरिएका निर्णय र नेपाल राष्ट्र बैंकद्वारा दिइएका निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने,

(ङ) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही बैंक/वित्तीय संस्थाले नेपाल राष्ट्र बैंक वा अन्य कुनै निकायमा पेश गर्नु पर्ने विवरण, कागजात, निर्णय आदि यथासमयमा पेश गर्ने,

(च) वित्तीय संस्था सञ्चालन गर्ने सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

(६) कार्यकारी प्रमुख आफ्नो कामको निमित्त सञ्चालक समितिप्रति उत्तरदायी हुनेछ ।

२१. **सञ्चालक समितिको अधिकार र कर्तव्य** :सञ्चालक समितिको अधिकार र कर्तव्य प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा उल्लेख भए बमोजिम तथा सो मा उल्लेख नभएकोमा कम्पनी सम्बन्धी कानूनमा व्यवस्था गरिए अनुरुप हुनेछ ।

२२. **शेयरमा लियन रहने कुरा** : शेयरधनीहरुले बैंक/वित्तीय संस्थालाई तिर्न बांकी रहेको शेयरको रकम वा कानून बमोजिम बैंक/वित्तीय संस्थालाई बुझाउनु पर्ने बांकी रकम वापत निजहरुका नाममा दर्ता भएको शेयर र सो वापत बांडिने लाभांश समेतमा बैंक/वित्तीय संस्थाको लियन वा दावी रहनेछ ।

२३. **विभिन्न वर्गका शेयर जारी गर्ने भए सो को विवरण र शेयरधनीको हक तथा विशेष सुविधाको विवरण** : साधारण शेयर बाहेक अन्य वर्गका शेयरको सम्बन्धमा हाललाई कुनै व्यवस्था गरिएको छैन । साधारण शेयरको समूहगत संरचना प्रबन्धपत्रको दफा ५ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

द्रष्टव्यः हाल विभिन्न वर्गको शेयरको व्यवस्था गर्ने हो भने यस सम्बन्धमा समेत उल्लेख गर्नु पर्ने

२४. **अग्राधिकार शेयर सम्बन्धी व्यवस्थाः** बैंक/वित्तीय संस्थाको सम्पूर्ण शेयरहरु साधारण शेयरले बनेको हुँदा हाल अग्राधिकार शेयर सम्बन्धी व्यवस्था गरिएको छैन । सो शेयर सम्बन्धी व्यवस्था गर्नु परेको खण्डमा प्रचलित कानूनको अधीनमा रही राष्ट्र बैंकको स्वीकृति लिई अग्राधिकार शेयर जारी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ ।

द्रष्टव्यः हालै अग्राधिकार शेयरको व्यवस्था गर्ने हो भने यस सम्बन्धमा समेत उल्लेख गर्नु पर्ने

२५. **शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्था** : बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून र कम्पनी कानूनको अधीनमा रही बैंक/वित्तीय संस्थाले आवश्यकतानुसार शेयर वापतको रकमको भुक्तानी माग गर्नेछ । शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्य कुरामा कम्पनी कानूनमा गरिएको व्यवस्था लागू हुनेछ ।

२६. **शेयर हस्तान्तरण सम्बन्धी व्यवस्था** : (१) बैंक/वित्तीय संस्थाको कुनै शेयरधनीले आफ्नो शेयर अर्को व्यक्तिलाई बिक्री गरेमा शेयर खरीद गर्ने व्यक्तिले त्यस्तो शेयर दाखिल खारेज गर्नको निमित्त नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको ढांचामा तोकिएको दस्तुर, शेयर खरीद बिक्रीसंग सम्बन्धित लिखत र शेयरको प्रमाण पत्र सहित बैंक/वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा बैंक/वित्तीय संस्थाले प्रवन्धपत्रको दफा ७ को अधीनमा रही दर्ता कितावमा साविक शेयरधनीको नाम खारेज गरी हालको शेयरधनीको नाम दर्ता गर्नेछ ।

(३) संस्थापक वर्गको शेयर हस्तान्तरण सम्बन्धी व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी तथा धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

२७. **शेयर पूंजी थपघट गर्ने कुरा** : बैंक/वित्तीय संस्थाको शेयर पूँजी थप घट गर्ने व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन र प्रचलित कम्पनी कानूनमा उल्लिखित प्रावधान अनुरुप हुनेछ ।

२८. **आफ्नो शेयर आंफै खरिद गर्ने सम्बन्धी व्यवस्था** : बैंक/वित्तीय संस्थाले आफ्नो शेयर आफैं खरिद गर्दा बैंक तथा वित्तीय संस्था तथा कम्पनी सम्बन्धी प्रचलित कानूनी व्यवस्थाको अधीनमा रही गरिनेछ ।

२९. **सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था** : (१) सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ :-

(क) दैनिक कार्यसंचालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न सञ्चालकले मात्र सञ्चालक समितिले निर्धारण गरेबमोजिमको मासिक पारिश्रमिक पाउने छ ।

(ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता रु. ... हुनेछ ।

(ग) बैंक/वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :-

(अ) दैनिक भत्ता रु.

(आ) भ्रमण भत्ता रु.

(घ) अन्य सुविधा साधारण सभाले समय समयमा निर्धारण गरेबमोजिम हुनेछ ।

(२) सञ्चालकले यस नियममा लेखिएदेखि बाहेक कुनै व्यक्तिगत फाइदा वा सुविधा लिएको पाइएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम कसुर गरेको मानी त्यस्तो रकम निजबाट असुल उपर गरिनेछ ।

३०. **बैंक/वित्तीय संस्थाको छापको प्रयोग :** (१) बैंक/वित्तीय संस्थाको छाप कार्यकारी प्रमूखको मातहतमा रहनेछ, जसको प्रयोग बैंकको कारोबारको प्रयोजनको लागि गरिनेछ । निजले बैंकका अन्य कर्मचारीहरुलाई छापको प्रयोग गर्ने गरी जिम्मेबारी सुम्पनसक्नेछ ।

(२) बैंकको छाप अनाधिकृत रुपमा प्रयोग गरी बैंकलाई कुनै दायित्व श्रृजना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व वापत श्रृजना हुने रकम असुल उपर गरिनेछ ।

३१. **बैंक/वित्तीय संस्थाको लेखा, हिसावकिताव र लेखापरीक्षण** : (१) बैंक/वित्तीय संस्थाले आफ्नो हिसाव किताव, खाता, वही, श्रेस्ता, लेखाको अभिलेख यथार्थ र दुरुस्त रुपमा प्रतिबिम्बित हुने गरी प्रचलित कानून अनुसार अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (एकाउण्टिङ्ग स्ट्याण्डर्ड) अनुरुप अद्यावधिक रुपमा राख्नु पर्नेछ र यस्तो लेखा नेपाल राष्ट्र बैंकले अन्यथा स्वीकृति दिएकोमा बाहेक आफ्नो रजिष्टर्ड (केन्द्रीय) कार्यालयमा राख्नेछ ।

(२) बैंक/वित्तीय संस्थाले आफ्नो वासलात र नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण लगायतका अन्य वित्तीय विवरण नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरीका अनुरुप राख्नेछ ।

(३) बैंक/वित्तीय संस्थाले आर्थिक वर्ष समाप्त भएको पाँच महिनाभित्र वासलात, नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायतका अन्य वित्तीय विवरण नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरीका अनुसार तयार गरी आफ्नो हिसाव कितावको लेखापरीक्षण गराउने छ । यस्तो वित्तीय विवरणमा कम्तीमा दुई जना सञ्चालक, कार्यकारी प्रमुख र लेखापरीक्षकको सही भएको हुनु पर्नेछ ।

(४) लेखापरीक्षकको नियुक्ति बैंक/वित्तीय संस्थाको साधारण सभाबाट हुनेछ । तर प्रथम साधारण सभा हुनुभन्दा अघि सञ्चालक समितिले लेखापरीक्षक नियुक्ति गर्नेछ र एउटै लेखापरीक्षकलाई लगातार तीनपटक भन्दा वढी अवधिको लागि नियुक्त गर्न सकिने छैन ।

(५) साधारण सभाले उपनियम (४) बमोजिम लेखापरीक्षक नियुक्ति गर्दा नेपाल राष्ट्र बैंकले स्वीकृत गरेको लेखापरीक्षकको सूचीमा समावेश रहेका लेखापरीक्षक मध्येबाट गर्नु पर्नेछ र त्यसरी नियुक्त भएको मितिले १५ दिनभित्र निजको नाम नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्ट्रार कार्यालयमा पठाउनु पर्नेछ ।

(६) उपनियम (३) बमोजिमको अवधिभित्र लेखापरीक्षण गराउन नसकेमा बैंक/वित्तीय संस्थाले मनासिव कारण सहित म्याद थपको लागि नेपाल राष्ट्र बैंकमा अनुरोध गर्नु पर्नेछ र यस्तो थप अवधी वढीमा तीन महीनाको हुनेछ ।

(७) लेखापरीक्षकले आफूले गरेको लेखापरीक्षण प्रतिवेदनको एक/एक प्रति बैंक/वित्तीय संस्था र नेपाल राष्ट्र बैंकमा पेश गर्नु पर्नेछ । बैंक/वित्तीय संस्थाले त्यस्तो प्रतिवेदनको प्रतिलिपि वार्षिक साधारण सभाको सूचनासँग संलग्न गरी प्रत्येक शेयरधनी र कम्पनी रजिष्ट्रारको कार्यालयमा समेत प्रचलित कानून बमोजिम पठाउनु पर्नेछ ।

(८) लेखापरीक्षण सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा कम्पनी कानून अनुरूप हुनेछ ।

(९) बैंक/वित्तीय संस्थाको अद्यावधिक हिसाव किताव कुनै शेयरधनीले हेर्न चाहेमा यथाशीघ्र हेर्न दिनुपर्नेछ ।

३२. **लेखापरीक्षण समिति सम्बन्धी व्यवस्था** : बैंक/वित्तीय संस्थाले कम्पनी सम्बन्धी प्रचलित कानून र नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनको अनुकूल हुने गरी लेखापरीक्षण समितिको व्यबस्था गर्नेछ ।

३३. **ऋण वा डिवेञ्चर सम्बन्धी व्यवस्था** : बैंक/वित्तीय संस्थाले डिवेञ्चर उठाउँदा नेपाल राष्ट्र बैंकको स्विकृती लिई प्रचलित कम्पनी कानूनको अधिनमा रही गरिनेछ ।

३४. **<u>बैंक/वित्तीय संस्था गाभिने कुरा</u>** : यस बैंक/वित्तीय संस्थामा कुनै अर्को बैंक/वित्तीय संस्थालाई वा यस बैंक/वित्तीय संस्थालाई कुनै अर्को बैंक/वित्तीय संस्थामा गाभ्न आवश्यक भएमा प्रचलित बैंक तथा वित्तीय संस्था तथा कम्पनी सम्बन्धी कानून बमोजिमको प्रक्रिया पूरा गरी गाभ्न सकिनेछ ।

३५. **<u>लाभांश सम्बन्धी व्यवस्था</u>** : (१) लाभांश वितरण गर्ने निर्णय भएको पैंतालिस दिनभित्र वितरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लाभांश वितरण नगरेमा दश प्रतिशतका दरले लाभांशको व्याज समेत दिनु पर्नेछ ।

(३) बैंक/वित्तीय संस्थाले प्रचलित कानूनको अधीनमा रही नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम अन्तरिम लाभांश वितरण गर्न सक्नेछ ।

(४) यस नियमावलीमा अन्यत्र जुन सुकै कुरा लेखिएको भए तापनि कम्पनीले शेयरबापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई सो हदसम्म निजको लाभांश रोक्का राख्न सक्नेछ ।

३६. **<u>कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा</u>** : (१) यो बैंक/वित्तीय संस्था प्रचलित कम्पनी कानून अन्तर्गत कम्पनी रजिष्ट्रार कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा संस्थापित भई प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून अन्तर्गत संचालित बैंकिङ/वित्तीय व्यवसाय गर्ने कम्पनी हो ।

(२) नेपाल राष्ट्र बैंकले निर्देशन दिए बमोजिम तोकिदिएको मितिभित्र तोकिएको ढाँचामा बैंक/वित्तीय संस्थाले आफ्नो वित्तीय विवरण र अन्य आवश्यक विवरणहरू नियमित रूपले नेपाल राष्ट्र बैंकमा पेश गर्नु पर्नेछ ।

(३) बैंक/वित्तीय संस्थामा रहेको निक्षेप उपर सो निक्षेप राख्ने व्यक्ति बाहेक अरू कसैको हक दावी लाग्ने छैन । निक्षेप राख्ने व्यक्तिको मृत्यु भएमा निजले कसैलाई इच्छाएको भए त्यस्तो इच्छाइएको व्यक्तिको र त्यस्तो इच्छाइएको व्यक्तिको पनि मृत्यु भएको रहेछ वा कसैलाई इच्छाइएको रहेनछ भने देहायको व्यक्ति मध्ये प्राथमिकता क्रमानुसार जुन व्यक्ति जीवित छ सोही व्यक्तिको त्यस्तो निक्षेप उपर पहिलो हक दावी लाग्नेछः-

(क) संगोलको पति वा पत्नी,

(ख) संगोलको छोरा, धर्मपुत्र वा छोरी वा धर्मपुत्री,

(ग) संगोलको बाबु, आमा, छोरा पट्टीको नाति वा नातिनी,

(घ) भिन्न बसेको पति वा पत्नी, छोरा, अविवाहिता छोरी, बाबु वा आमा,

(ङ) संगोलको बाबुपट्टिको बाजे, बज्यै, दाजु, भाइ, अविवाहिता दिदी वा बहिनी,

(च) संगोलको भतिजा, भतिजी, सौतेनी आमा, भिन्न बसेको छोरा पट्टीको नाति वा अविवाहिता नातिनी,

(छ) संगोलको काका, विधवा, काकी, भाउज्यू, भाइ-बुहारी वा नातिनी-बुहारी,

(ज) भिन्न बसेको दाजु वा भाइ,

(झ) विवाहिता दिदी, बहिनी, भिन्न बसेका बाजे, बज्यै, विधवा छोरा-बुहारी, नातिनी-बुहारी वा भतिजा ।

तर उपरोक्त प्राथमिकताक्रममा पर्ने कोही व्यक्ति नभएको अवस्थामा त्यस्तो निक्षेप उपर हकवालाको दावी रहनेछ र हकवाला पनि नभएको अवस्थामा सो निक्षेप श्री ५ को सरकारको हुनेछ ।

(४) इजाजतपत्र प्राप्त संस्थामा रहेको निक्षेप हक पुग्ने व्यक्तिको मञ्जुरीले बाहेक अन्य कुनै व्यक्तिलाई दिइने छैन ।

(५) बैंक/वित्तीय संस्थामा रहेको निक्षेप हक पुग्ने व्यक्तिको मञ्जुरीले बाहेक अन्य कुनै प्रकारले जफत गरिने छैन । तर बैंक/वित्तीय संस्थामा निक्षेप राखेको रूपैंया नै धितो वा जमानत राखी लेनदेन कारोवार गरेको वा प्रचलित कानून बमोजिम जफत हुने अवस्थामा त्यस्तो निक्षेप जफत गर्न यस उपनियमले बाधा पुऱ्याएको मानिने छैन ।

(६) बैंक/वित्तीय संस्थाले दश वर्षदेखि चल्ती नभएका तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम हक दावी नपरेका निक्षेप खाताहरूको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र नेपाल राष्ट्र बैंकमा पठाउनु पर्नेछ ।

(७) बैंक/वित्तीय संस्थाको कुनै पनि सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक तथा व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रूपले संलग्न व्यक्ति वा कम्पनी सचिवले आफू बैंक/वित्तीय संस्थामा बहाल रहँदाको बखत वा त्यस्तो पदबाट अवकास प्राप्त गरेको कम्तीमा एक वर्षसम्म बैंक/वित्तीय संस्था वा सोको सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवारको वा आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको, फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न गराउन, गर्नदिन, धितोबन्धक राख्न,राख्न लगाउन, दान बकस लिन, दिन वा लेनदन गर्नु हुँदैन ।

तर नयां शेयर जारी गरिएको अवस्थामा यो प्रतिबन्ध लागू हुने छैन ।

(८) नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून वा सो अन्तर्गत बनेका नियम/विनियमहरू बमोजिम श्री ५ को सरकार वा नेपाल राष्ट्र बैकले दिएको कुनै आदेश वा निर्देशनको पालना गर्दा कसैलाई कुनै किसिमको हानी नोक्सानी भएमा

बैंक/वित्तीय संस्थासँग भएको करारमा वा बैंक/वित्तीय संस्थाको अरू व्यवस्थामा जुनसुकै कुरा लेखिएको भए तापनि अनाधिकार प्रयोग गरेको अवस्थामा बाहेक क्षतिपूर्तिको दावी लाग्ने छैन ।

(९) आफ्नो काम कारोवार सुव्यवस्थित रूपले सञ्चालन गर्न तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको उद्देश्य कार्यान्वयन गर्न नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंक/वित्तीय संस्थाले विनियम बनाउन सक्नेछ । सञ्चालक समितिले आवश्यकता अनुसार कार्यविधि, निर्देशिका एवं नीति बनाई लागू गर्न सक्नेछ ।

(१०) बैंक/वित्तीय संस्थाको काम कारोवार सञ्चालन गर्नको लागि संघ, संस्था, विशेषज्ञ वा अन्य कुनै दक्ष व्यक्तिबाट व्यवस्थापन सम्बन्धी सरसल्लाह लिन सक्नेछ । बैंक/वित्तीय संस्थाको सञ्चालन वा व्यवस्थापन गर्न उचित शर्तहरूको आधारमा व्यवस्थापन सम्झौता गरी जिम्मा दिन सक्नेछ तथा आवश्यकतानुसार माथि उल्लेखित सबै वा केही उद्देश्यहरूको परिपूर्ति गर्नको लागि आवश्यक सम्पूर्ण कार्यहरू गर्न सक्नेछ ।

(११) बैंक/वित्तीय संस्थाले आफ्नो कूल सम्पत्ति र वासलात बाहिरको कारोवारको दायित्व सम्बन्धी जोखिमलाई खाम्न सक्ने गरी नेपाल राष्ट्र बैंकले तोकि दिए बमोजिमको अनूपातमा जोखिम व्यहोर्ने कोष राख्नेछ ।

(१२) बैंक/वित्तीय संस्थाले आफ्नो कूल सम्पत्तिको कूल जोखिम सम्पत्तिको आधारमा नेपाल राष्ट्र बैंकले तोकि दिएको अनुपातमा पूंजीकोष कायम गर्नेछ ।

(१३) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम बैंक/वित्तीय संस्था माथिल्लो वर्गको बैंक/वित्तीय संस्था वा बैंकमा परिणत हुन सक्नेछ ।

३७. **शेयर तथा डिवेञ्चर दर्ता कितावको निरीक्षण** : (१) बैंक/वित्तीय संस्थाको शेयरवाला तथा डिवेञ्चरवालाले शेयर वा डिवेञ्चर दर्ता किताव निरीक्षण गर्न चाहेमा बैंक/वित्तीय संस्थाले निरीक्षण गर्न दिनुपर्नेछ ।

तर बैंक/वित्तीय संस्थाले राष्ट्रिय स्तरको पत्रिका सात दिन अगावै सूचना प्रकाशन गरी एक वर्षमा पैंतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता कितावको निरीक्षण बन्द गर्नसक्नेछ ।

(२) कसैले शेयरवालाको दर्ता कितावको प्रतिलिपि लिन चाहेमा उपनियम (१) को प्रतिबन्धात्मक व्यवस्था बमोजिम निरीक्षण बन्द गरिएको अवस्थामा बाहेक प्रतिपृष्ठ रु. ...।- दस्तुर लिई प्रतिलिपि दिइनेछ ।

३८. **कम्पनी सचिव सम्बन्धी व्यवस्था** : (१) प्रचलित कम्पनी कानूनले तोकेको योग्यता पुगेको नेपाली नागरिकलाई सञ्चालक समितिले बैंक/वित्तीय संस्थाको कम्पनी सचिवको पदमा नियुक्त गर्नेछ ।

(२) उपनियम (१) बमोजिम कम्पनी सचिवको नियुक्ति गर्दा बैंक/वित्तीय संस्थामा कार्यरत कर्मचारीलाई समेत कम्पनी सचिवको काम गर्ने जिम्मेवारी दिन सकिनेछ ।

तर उल्लिखित योग्यता पुगेको बैंकमा कार्यरत कर्मचारी बाहेक कुनै पनि नेपाली नागरिकलाई कम्पनी सचिवको पदमा नियुक्त गर्दा निजको पदावधि, सेवा र शर्त सम्बन्धी व्यबस्था सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

(३) कम्पनी सचिवको काम, कर्तव्य र अधिकार प्रचलित कम्पनी कानूनमा उल्लेख भए बमेजिम हुनेछ ।

३९. <u>अन्य आवश्यक कुराहरु :</u> (१) नेपाल राष्ट्र बैंक, २०५८, बैंक तथा वित्तीय संस्था र कम्पनी सम्बन्धी प्रचलित कानूनमा परिभाषित शब्द वा शब्दावलीहरुलाई यस नियमावलीमा समेत सोही अर्थमा प्रयोग भएको मानिनेछ ।

(२) बैंक/वित्तीय संस्थाको आर्थिक वर्ष श्रावण १ गतेदेखि अर्को वर्षको आषाढ मसान्तसम्म हुनेछ ।

(३) बैंक/वित्तीय संस्थाको शेयर चल सम्पत्ति मानिनेछ र प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी तथा धितोपत्र सम्बन्धी कानून तथा प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही बैंक/वित्तीय संस्थाको शेयर धितो बन्धक राख्न वा सोको बिक्री गरी हक हस्तान्तरण गर्न सकिनेछ ।

(४) लाभांश घोषणा गर्दाको समयमा लगत किताबमा जसको नाममा शेयर रहेको छ सो शेयरधनी लाभांशको हकदार हुनेछ ।

(५) बैंक/वित्तीय संस्थाका सञ्चालक तथा कर्मचारीहरुले आफ्नो ओहदा सम्हाल्नु पूर्व तोकिए बमोजिम गोपनियता र इमान्दारीताको शपथ गर्नु पर्नेछ ।

(६) बैंक/वित्तीय संस्थाका कुनै सञ्चालक वा कर्मचारीले वा अन्य सम्बद्ध पक्षले आफ्नो कामको सिलसिलामा थाहा पाएको कुनै पनि सूचना वा जानकारी वा गोप्य कुराहरु कानूनले छुट दिएको अवस्थामा बाहेक अन्य अनाधिकृत व्यक्तिलाई थाहा दिनु हुंदैन ।

(७) सञ्चालक समितिले सञ्चालकहरुको निर्वाचन सम्बन्धी निर्वाचन निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(८) सञ्चालकको नियुक्ति वा सञ्चालक समितिको गठनमा भएको अनियमितता वा कुनै सञ्चालकको पद रिक्त रहेको कारणले सञ्चालक समितिको कुनै कामकारवाही बदर हुने छैन ।

(९) बैंक/वित्तीय संस्थाले सञ्चालक, शेयरधनी, कर्मचारी वा बैंक/वित्तीय संस्थासँग सम्बन्धित विषयको सम्बन्धमा कुनै सूचना, म्याद, बन्दसवाल आदि तामेल गर्दा

कम्पनी कानून तथा विद्युतीय (इलेक्ट्रोनिक) कारोवार सम्बन्धी प्रचलित कानूनको व्यवस्था बमोजिम गर्न सकिनेछ ।

(१०) शेयर बाँडफाँड भएको मितिले दुई महिनाभित्र प्रत्येक शेयरधनीलाई निजले लिएको शेयर वापत कुनै सञ्चालक वा बैंक/वित्तीय संस्थाको कार्यकारी प्रमुख वा कम्पनी सचिव मध्ये कुनै दुई जनाको दस्तखत र बैंक/वित्तीय संस्थाको छाप लगाई शेयर प्रमाणपत्र दिइनेछ। शेयर प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था कम्पनी कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

(११) <u>खारेजी र बचाउः</u> (१) बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ को दफा ३० को उपदफा (२) बमोजिम बैंक/वित्तीय संस्थाको नियमावली संशोधन गरी ईजाजतपत्र प्राप्त गर्नु भन्दा अगावै................(कम्पनीको पुरानो नाम राख्ने) बाट मिति..............(शुरु स्थापना मिति उल्लेख गर्ने) मा कम्पनी रजिष्ट्रारको कार्यालयमा संस्थापना भएको यस बैंक/वित्तीय संस्था लिमिटेडको उक्त नियमावली खारेज गरिएको छ ।

(२) खण्ड (१) अन्तर्गत खारेज गरिएको नियमावली बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

(३) खण्ड (१) अन्तर्गत खारेज गरिएको नियमावली बमोजिम कम्पनी संस्थापना हुँदाका बखत कायम रहेका संस्थापकहरु र निजहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या, सहिछाप, साक्षीहरु तथा निजहरुको सहिछाप, सो नियमावली मस्यौदा गर्ने कानून व्यवसायी/चाटर्ड एकाउण्टेण्टले प्रमाणित गरेको कुरा तथा निजको सहिछाप सम्बन्धी सम्पूर्ण विवरणहरु यसै नियमावलीको नियम ४३ मा उल्लेख भए बमोजिम कायम रहेको मानिनेछ ।

४०. **<u>बैंक/वित्तीय संस्थाको खारेजी</u>** : (१) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति विना बैंक/वित्तीय संस्था स्वेच्छाले खारेज हुन सक्ने छैन ।

(२) उपनियम (१) बमोजिम बैंक/वित्तीय संस्थाको स्वेच्छिक खारेजीको लागि निवेदन पर्न आएमा नेपाल राष्ट्र बैंकले आवश्यक जाँचबुझ गरी बैंक/वित्तीय संस्थाले आफ्नो ऋण तथा दायित्व पूर्ण रूपमा भुक्तानी गर्न सक्षम छ भन्ने कुरामा नेपाल राष्ट्र बैंक विश्वस्त भएमा राष्ट्र बैकले आवश्यक शर्त तोकी स्वेच्छिक खारेजीको अनुमति दिन सक्नेछ ।

(३) बैंक/वित्तीय संस्थाको खारेजी सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी कानून तथा अन्य प्रचलित कानून अनुरूप हुनेछ ।

४१. **<u>नियमावली बाझिएको हदसम्म निष्कृय हुने</u>** : यस नियमावलीमा उल्लेख भएका कुराहरू नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी कानून, धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानून तथा अन्य प्रचलित नेपाल कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ र यस नियमावलीमा उल्लेख नभएका कुराहरूको हकमा सोही कानून वा ऐनहरूमा उल्लेख भए बमोजिम हुनेछ ।

४२. **<u>नियमावलीमा संशोधन भएमा लागू हुने अवस्था</u>** : (१) बैंक/वित्तीय संस्थाले यस नियमावलीमा कुनै संशोधन गर्नु पर्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी कानूनको व्यवस्थाको अधीनमा रही गरिनेछ र सो संशोधन कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेख भएपछि मात्र नियमावली संशोधन भएको मानिनेछ।

(२) नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी तथा धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानून संशोधन भएको खण्डमा यो नियमावली पनि सोही बमोजिम संशोधन भएको मानिनेछ र यस नियमावलीमा समेत सोही अनुरुप संशोधन गर्नु पर्नेछ।

४३. **<u>संस्थापकहरुले तत्काल लिन कवुल गरेको शेयर संख्या</u>** : हामी ...................... लि. का संस्थापकहरुले देहाय बमोजिमको संख्यामा शेयर लिन कवुल गरी देहायका साक्षीको रोहवरमा यस नियमावीमा सहीछाप गरेका छौं :-

| सि.न. | संस्थापकहरूको नाम, थर, वतन र सहीछाप | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, वतन र सहीछाप |
|---|---|---|---|
| १. | नाम :<br>ठेगानाः<br>सहीः द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| २. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| ३. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| ४. | नाम : | | नाम : |

| | | | |
|---|---|---|---|
| | ठेगानाः<br>सही : द... | | ठेगानाः<br>सही : द... |
| ५. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| ६. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| ७. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| ८. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| ९. | नाम :<br>ठेगानाः | | नाम :<br>ठेगानाः |

| | | | |
|---|---|---|---|
| | सही : द... | | सही : द... |
| १०. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| ११. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| १२. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| १३. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| १४. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| १५. | नाम : | | नाम : |

| | | | |
|---|---|---|---|
| | ठेगानाः<br>सही : द... | | ठेगानाः<br>सही : द... |
| १६. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| १७. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| १८. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| १९. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| २०. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| २१. | नाम : | | नाम : |

| | | | |
|---|---|---|---|
| | ठेगाना:<br>सही : द... | | ठेगाना:<br>सही : द... |
| २२. | नाम :<br>ठेगाना:<br>सही : द... | | नाम :<br>ठेगाना:<br>सही : द... |
| २३. | नाम :<br>ठेगाना:<br>सही : द... | | नाम :<br>ठेगाना:<br>सही : द... |
| २४. | नाम :<br>ठेगाना:<br>सही : द... | | नाम :<br>ठेगाना:<br>सही : द... |
| २५. | नाम :<br>ठेगाना:<br>सही : द... | | नाम :<br>ठेगाना:<br>सही : द... |
| २६. | नाम :<br>ठेगाना:<br>सही : द... | | नाम :<br>ठेगाना:<br>सही : द... |

| | | | |
|---|---|---|---|
| २७. | नाम :<br>ठेगाना:<br>सही : द... | | नाम :<br>ठेगाना:<br>सही : द... |

मैले मस्यौदा गरेको यस नियमावलीमा संस्थापक तथा साक्षीहरूले मेरो सामुन्ने हस्ताक्षर गरेका हुन् र नियमावलीमा प्रचलित कानूनसँग बाझिने कुनै प्रावधान छैन भनी प्रमाणित गर्ने कानूनी व्यवसायी/चार्टड एकाउण्टेण्टको :-

(क) नाम :

(ख) दस्तखत : द...

(ग) प्रमाणपत्र नं. :

(घ) मिति :

**नोटः नयाँ संस्थापन हुने कम्पनीको हकमा उक्त ४३ नं. को व्यहोराको सट्टा देहाय बमोजिमको व्यहोरा राख्ने**

४३. **संस्थापकहरुले तत्काल लिन कवुल गरेको शेयर संख्या** : हामी ..................... लि. का संस्थापकहरुले देहाय बमोजिमको संख्यामा शेयर लिन कवुल गरी देहायका साक्षीको रोहवरमा यस नियमावीमा सहीछाप गरेका छौं :-

| संस्थापकको नाम, ठेगाना र सहीछाप | बाबुको नाम | बाजेको नाम | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगानार सहीछाप |
|---|---|---|---|---|
| द.<br>१. नामः<br>ठेगाना.........<br>जिल्ला .........<br>...........<br>नगरपालिका/गा.वि.स.<br>वडा नं. ...... ब्लक नं.....<br>सम्पर्क फोन नं.:-<br>फ्याक्स nj<br>इ-मेल :<br>पो.ब.नं. : | | | | द.<br>१. नामः<br>ठेगाना.........<br>जिल्ला .........<br>...........<br>नगरपालिका/गा.वि.स.<br>वडा नं. ...... ब्लक नं..... |

| | | | | |
|---|---|---|---|---|
| दा. बा. | | | | |

४४. **<u>कम्पनीका संस्थापकको उद्‌घोषण</u>** : यो नियमावली हामीले तयार गरेको ठीक साँचो हो । संस्थापक शेयरधनीहरुको नम, ठेगाना, हस्ताक्षर, लिन कवूल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । उल्लिखित व्यहोराको आधारमा कम्पनी दर्ता भएपछि यस दफा अनुसार हामीले गरेको उद्‌घोषण गलत ठहरिन गएमा कम्पनी दर्ता पश्चात सृजना हुने दायित्व हामी सबैले व्यहोर्न तयार छौं र यस वापत प्रचलित कानून बमोजिम हुने दण्ड सजाय समेत भोग्न मंजूर छौं भनी सबै संस्थापकहरुले यो उद्‌घोषण गरेका छौं ।

१.संस्थापकको नाम, थर, :

हस्ताक्षर :

ल्याप्चे सहीछाप :

२.

३.

४.

५.

६.

७.

८. (आवश्यकतानुसार थप्दै जाने )